# पिपल्स इनर्जी लि. को प्रथम वार्षिक साधारण सभा २०७३/०७४

पिपल्स इनर्जी लि.को प्रथम वार्षिक साधारण सभा कम्पनीका कार्यकारी अध्यक्ष श्री कृष्ण प्रसाद आचार्यज्यूको सभापतित्वमा बसी निम्नानुसारका निर्णयहरु गरियो ।

स्थान: नयाँबानेश्वर, काठमाडौं ।

मिति: २०७५।०१।३० गते ।

समय: दिनको ३:०० बजे ।

<u>उपस्थिति</u>

| | | | |
|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद आचार्य | कार्यकारी अध्यक्ष | |
| २ | श्री देव वहादुर पौडेल क्षेत्री | सञ्चालक | |
| ३ | इ. महेन्द्र वहादुर कार्की | सञ्चालक | |
| ४ | श्री भरत वहादुर पाण्डे | सञ्चालक | |
| ५ | श्री बालकृष्ण गिरी | सञ्चालक | |
| ६ | श्री विष्णुहरि शर्मा सुवेदी | सञ्चालक | |
| ७ | श्री ऋषिराम पौडेल | सञ्चालक | |
| ८ | श्री विकास गौचन | सञ्चालक | |
| ९ | श्री अर्जुन कुमार कार्की | सञ्चालक | |
| १० | श्री बिमला के.सी. | सञ्चालक | |
| ११ | श्री विन्ध्यबासीनि हाइड्रोपावर डेभेलपमेण्ट कं .लि (प्रतिनिधी: श्री दिलसुन्दर श्रेष्ठ) | सञ्चालक | |
| १२ | श्री डाँफे इन्भेष्टमेण्ट प्रा.लि. (प्रतिनिधी श्री टंकलाल घिसिङ्ग) | सञ्चालक | |
| १३ | श्री जनार्दन अर्याल | कम्पनी सचिव | |
| १४ | प्रा.डा.हरि प्रसाद पण्डित | शेयरधनी | |
| १५ | श्री सोम प्रकाश प्रसाई | शेयरधनी | |
| १६ | श्री मनिष कुमार जोशी | शेयरधनी | |

Peoples Energy Limited
Nepal

| | | | |
|---|---|---|---|
| १७ | श्री श्याम प्रसाद श्रेष्ठ | शेयरधनी | |
| १८ | श्री कुन्ती कुमारी पाठक मैनाली | शेयरधनी | |
| १९ | इ. मोहनराज पन्त | शेयरधनी | |
| २० | श्री प्रोण प्रताप के.सी. | शेयरधनी | |
| २१ | श्री शान्ति प्रसाद पौडेल | शेयरधनी | |
| २२ | श्री मिलन थापा | शेयरधनी | |
| २३ | विष्णु वहादुर के.सी | शेयरधनी | |
| २४ | श्री दिलसुन्दर श्रेष्ठ | शेयरधनी | |
| २५ | श्री आङ्टावा शेर्पा | शेयरधनी | |
| २६ | डा. लक्ष्मण पौडेल | शेयरधनी | |
| २७ | श्री जनार्दन अर्याल | शेयरधनी | |
| २८ | श्री तेण्डेल इन्भेण्टमेण्ट प्रा.लि. (प्रतिनिधी: श्री अनिल घिसिङ्ग) | शेयरधनी | |
| २९ | श्री मालिकादेवी इन्भेष्टमेण्ट कं. प्रा.लि. (प्रतिनिधी: श्री टिकाराम जैसी) | शेयरधनी | |
| ३० | श्री सिड इन्फ्रा प्रा.लि. (प्रतिनिधी: श्री सन्दिप आचार्य) | शेयरधनी | |
| ३१ | श्री इमारत कन्स्ट्रक्शन प्रा.लि. (प्रतिनिधी: श्री प्रेम कुमार कार्की) | शेयरधनी | |
| ३२ | श्री गुणचन्द्र विष्ट | ~~शेयरधनी~~ शेयरधनी | |

**बैधानिकता** :

आजको सभा मिति २०७५।०१।०७ को संचालक समितिको निर्णयानुसार मिति २०७५।०१।०९ को कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना बमोजिम बोलाइएको र आवश्यक गणपुरक संख्या समेत पुगेको देखिएकोले सभा बैध ठहराइ पूर्व सूचित निम्न प्रस्ताव उपर छलफल प्रारम्भ गरियो ।

**प्रस्तावहरु :**

(१) संचालक समितिको प्रतिवेदनमा छलफल गरी स्वीकृत गर्ने सम्वन्धमा ।

Peoples Energy Limited Nepal

(२) आर्थिक बर्ष २०७३।०७४ को लेखापरीक्षण प्रतिवदन सहितको वासलात तथा नाफानोक्सानको हिसाब स्वीकृत गर्ने सम्वन्धमा ।

(३) आ.व. २०७४/०७५ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र पारीश्रमिक तोक्ने सम्वन्धमा ।

(४) संस्थापक समूहबाट ७ जना, सर्वसाधारण समूहबाट २ जना र विशेषज्ञ समूहबाट २ जना गरी ११ जना संचालकहरुको निर्बाचन गरी समिति गठन गर्ने सम्वन्धमा ।

(५) कम्पनीको कार्यालय राख्ने सम्वन्धमा ।

(६) सञ्चालकहरुको सेवा सुविधा निर्धारण गर्ने सम्वन्धमा ।

(७) माइन्युट प्रमाणित गर्नको लागि शेयरधनी तोक्ने सम्वन्धमा ।

(८) बिबिध ।

क सञ्चालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा ।

निर्णयहरु :

१) प्रस्ताव नं. १ माथि छलफल हुँदा संचालक समितिको तर्फबाट प्रस्तुत समितिको प्रतिवेदन कार्यकारी अध्यक्ष एवम् सभाका समापति श्री कृष्ण प्रसाद आचार्यज्यूले पढेर सुनाउनु भयो । सो प्रतिवेदनमा उल्लेखित बुँदाहरुमा सामान्य छलफल पश्चात उठेका प्रश्नहरुको कार्यकारी अध्यक्षज्यूले सन्तोषप्रद उत्तर दिनु भएकोले प्रस्तुत प्रतिवेदन स्वीकृत गरियो ।

२) प्रस्ताव नं. २ माथि छलफल हुँदा यस कम्पनीको आ.ब.२०७३।०७४ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सानको हिसाब समेत स्वीकृतिको निमित्त कार्यकारी अध्यक्ष श्री कृष्ण प्रसाद आचार्यले बैठकमा प्रस्ताव पेश गर्नु भयो । सो प्रस्ताव उपर छलफलको क्रममा यस आ.ब.मा कम्पनीले खिम्ती २ जलबिद्युत आयोजानाको निर्माण इजाजत प्राप्त गरी परियोजना स्थल सम्म जानको निमित्त बाटो निर्माण, जग्गा खरिद कार्य, कर्मचारी आवास भवन, Construction Power निर्माण, खिम्ती खोला माथि पुल निर्माण लगायतका कार्यहरु भै रहेकोले सो कार्य लगायत दैनिक प्रशासनिक खर्च समेतलाई जोड्दा २०७४ साल असार मसान्तसम्ममा रु.२६,९७,८३,५४९।०० (अक्षरेपी छब्बीस करोड सन्तानब्बे लाख त्रीयासी हजार पाँचसय उनन्पचास रुपैयाँ मात्र) खर्च भएको, अन्य विभिन्न कम्पनी तथा आयोजनामा गरी जम्मा रु.३,२०,००,०००।०० (अक्षरेपी तीन करोड बीस लाख रुपैयाँ मात्र) लगानी गरिएको तथा विभिन्न पेश्की तथा बैंक एवं नगद मौज्दात गरी जम्मा रु. ९,९१,६४,५६७।०० (नौ करोड एकानब्बे लाख चौसट्ठी हजार पाँचसय सतसट्ठी रुपैयाँ मात्र) जम्मा रहेको । उत्पादन सम्वन्धी उद्योगका सबै खर्चहरु विविध शिर्षकका सम्पत्तिहरुमा नै राखिने भएको हुँदा आय विवरण शिर्षक प्रस्तुत नगरिएको व्यहोरा कार्यकारी अध्यक्षज्यूले बैठकलाइ जानकारी गराउनु भए पछि उठेका प्रश्नहरुको पनि उहाँले सन्तोषप्रद उत्तर दिनु भएकोले प्रस्तुत लेखापरीक्षण प्रतिवेदन सहितको बासलात स्वीकृत गरीयो ।

३) प्रस्ताव नं. ३ माथि छलफल हुँदा यस कम्पनीको आ.व. २०७४।०७५ को निमित्त लेखापरीक्षक नियुक्त गरी पारीश्रमिक तोक्ने सम्बन्धमा छलफल हुँदा नयाँ वानेश्वर काठमाडौं स्थित सरोज कोइराला एण्ड एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्टस्लाई नियुक्त गर्ने र पारिश्रमिक रु.१००,०००।- दिने निर्णय गरियो ।

Peoples Energy Limited Nepal

४)	प्रस्ताव नं. ४ माथि छलफल हुँदा यस कम्पनी स्थापना हुँदाका बखतदेखि कायम कायम रहनु भएका संचालकहरुको पदावधि आजको साधारण सभा सम्म मात्र कायम रहेकोले आज नयाँ संचालक समिति गठन गर्ने सम्बन्धमा छलफल हुँदा यस कम्पनीमा संस्थापकहरुबाट ७ जना, सर्बसाधारण शेयरधनीहरुबाट २ जना र बिशेषज्ञहरुबाट २ जना जरी जम्मा ११ जना सम्मको संचालक समिति रहने व्यवस्था रहेको छ। हाल यस कम्पनीको शेयर सर्बसाधारणमा बिक्री भै नसकेकोले यो अवस्थामा सर्बसाधारण शेयरधनीहरुबाट संचालक मनोनयन हुने अवस्था बिद्यमान नभएको हुँदा सर्बसाधारणबाट नियुक्त हुने संचालक पनि संस्थापकहरुबाट नै मनोनयन (नियुक्त) हुनु उपयक्त देखिएकोले संचालकहरुको कार्यकाल यस पटकलाइ २ बर्षको रहने गरी संस्थापकहरु मध्येबाट ९ जना र बिशेषज्ञहरुबाट २ जना गरी ११ जनाको संचालक समिति गठन गर्ने भनी प्रस्तुत प्रस्ताब उपर छलफल भयो । उपरोक्त प्रस्ताब उपयुक्त देखिएकोले हाललाई संस्थापक समूहबाट देहायका ९ जना शेयरधनीहरुलाई संचालक मनोनयन गर्ने निर्णय गरियो । साथै बिशेषज्ञहरुको तर्फबाट मनोनयन हुने २ जना स्वतन्त्र सञ्चालकको खोजी भैरहेको हुँदा उहाँहरुको खोजी गरी मनोनयन गर्न नव निर्वाचित सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

(क)	संस्थापकको तर्फबाट नियुक्त संचालक समितिका पदाधिकारीहरु :

(१)	श्री कृष्ण प्रसाद आचार्य ... १ जना

(२)	श्री विन्ध्यबासीनि हाइड्रोपावर डेभेलपमेण्ट कम्पनी लि. को तर्फबाट:... २ जना ।

(३)	श्री सीड इन्फ्रा प्रा.लि. को तर्फबाट ....१ जना ।

(४)	श्री तेण्डेल इन्भेष्टमेण्ट प्रा.लि. को तर्फबाट .... १ जना ।

(५)	श्री डाँफे इन्भेष्टमेण्ट प्रा.लि.को तर्फबाट ... १ जना ।

(६)	श्री कुन्ती कुमारी पाठक मैनाली .... १ जना

(७)	श्री देव वहादुर पौडेल ... १ जना ।

(८)	श्री अर्जुन कुमार कार्की ... १ जना ।

५)	प्रस्ताव नं. ५ माथि छलफल हुँदा यस कम्पनीको केन्द्रीय कार्यालय नयाँवानेश्वर १०, काठमाडौं स्थित श्री कृष्ण सदनको छैटौं तल्लाबाट नै सञ्चालन गर्ने निर्णय गरियो ।

६)	प्रस्ताव नं. ६ माथि छलफल हुँदा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुको तलव, भत्ता लगायत अन्य सेवा सुविधा सम्वन्धमा विनियमावली तयार गरी कार्यान्वयनमा लैजान सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय गरियो । साथै, सञ्चालक समितिले तयार गरी कार्यान्वयनमा लगेको उक्त नियम विनियमलाई अनुमोदनका लगि तत्काल बस्ने साधारण सभामा पेश गर्न लगाउने निर्णय समेत गरियो ।

Peoples Energy Limited
Nepal

५) आजको सभाको निर्णय पुस्तिका (माइन्युटमा) मा दस्तखत गर्न कम्पनी सचिव, सभापतिको अतिरिक्त संचालक समितिको तर्फबाट श्री अर्जुन कुमार कार्की र शेयरधनीको तर्फबाट श्री श्याम प्रसाद श्रेष्ठज्यूलाई मनोनयन गर्ने निर्णय गरियो ।

६) यस कम्पनीको सञ्चालक समितिले हालसम्म गरेका सबै कार्यहरु तथा निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

आजको सभा शान्त एवम् सौहार्दपूर्ण वाताबरणमा सम्पन्न भएकोमा उपस्थित सबैमा धन्यवाद दिंदै सभापतिज्यूले सभा बिसर्जन गर्नु भयो ।

Peoples Energy Limited Nepal

पिपुल्स इनर्जी लिमिटेड को प्रथम निर्वाचित संचालक समितिको बैठक निम्नलिखित स्थान, मिति र समयमा बसी निम्नानुसारका निर्णयहरु गरियो ।

स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय: का.म.न.पा.वडा नं.१०, बानेश्वर काठमाडौं ।

मिति : २०७५। ०२ । ०७ गते ।

समय : दिनको २.०० बजे ।

<u>उपस्थिति</u> :

(१) श्री कृष्ण प्रसाद आचार्य — सञ्चालक

(२) विन्ध्यबासीनि हाइड्रोपावर डेभेलपमेण्ट कम्पनी लि. को तर्फबाट:
श्री दिलसुन्दर श्रेष्ठ — सञ्चालक

(३) विन्ध्यबासीनि हाइड्रोपावर डेभेलपमेण्ट कम्पनी लि. को तर्फबाट:
श्री भरत वहादुर पाण्डे — सञ्चालक

(४) सीड इन्फ्रा प्रा.लि. को तर्फबाट
श्री सन्दिप आचार्य — सञ्चालक

(५) तेण्डेल इन्भेष्टमेण्ट प्रा.लि. को तर्फबाट
श्री अनिल घिसिङ्ग — सञ्चालक

(६) श्री डाँफे इन्भेष्टमेण्ट प्रा.लि.को तर्फबाट
श्री टंकलाल घिसिङ्ग — सञ्चालक

(७) श्री कुन्ती कुमारी पाठक मैनाली — सञ्चालक

(८) श्री देव वहादुर पौडेल — सञ्चालक

(९) श्री अर्जुन कुमार कार्की — सञ्चालक

(१०) श्री जनार्दन अर्याल — कम्पनी सचिव

(११) श्री बालकृष्ण गिरी — शेयरधनी

(१२) श्री विष्णुहरि शर्मा सुवेदी — शेयरधनी

(१३) प्रा. डा. हरि प्रसाद पण्डित — चिफ टेक्निकल कन्सल्टेण्ट

(१४) श्री रामहरि शर्मा — प्रोजेक्ट मेनेजर

Peoples Energy Limited
Nepal

आजको वैठकमा सञ्चालक समितिको अध्यक्ष चयन भैनसकेको हुँदा आजको वैठकको अध्यक्षता गर्न श्री कृष्ण प्रसाद आचार्यलाई मनोनयन गरियो र वहाँले अध्यक्षको आसन ग्रहण गर्नु भए पछि वैठकको कारवाही प्रारम्भ गरियो ।

**प्रस्ताव :**

१. सञ्चालक समितिको अध्यक्ष तोक्ने सम्वन्धमा ।

२. कम्पनीको आर्थिक प्रशासनिक विनियमावली तयार गर्ने सम्वन्धमा ।

३. दैनिक कार्य सञ्चालन गर्ने सम्वन्धमा ।

४. विविध ।

**निर्णयहरु:**

१ प्रस्ताव नं. १ माथि छलफल हुँदा मिति २०७५।०१।३० गते सम्पन्न भएको कम्पनीको प्रथम वार्षिक साधारण सभाले सञ्चालक समिति गठन गरेको तर अध्यक्ष नतोकेको हुँदा सञ्चालक श्री कृष्ण प्रसाद आचार्यलाई सञ्चालक समितिको अध्यक्ष तोक्ने निर्णय गरियो । साथै, सञ्चालक समितिको अध्यक्षलाई नै कम्पनीको कार्यकारी अध्यक्षको जिम्मेवारी दिने निर्णय गरियो ।

कम्पनीद्वारा अध्ययन/निर्माण भैरहेका आयोजनाहरुको प्राविधिक पक्षमा जानकारी गराउनका लागि कम्पनीका प्रमुख प्राविधिक सल्लाहकारलाई सञ्चालक समितिको नियमित वैठकमा आमन्त्रण गर्ने तथा कम्पनीका निवर्तमान सञ्चालकहरुलाई आश्यकता अनुसार सञ्चालक समितिको वैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

२ प्रस्ताव नं. २ माथि छलफल हुँदा कम्पनीका सञ्चालक लगायत अन्य महानुभावहरुको तलव, भत्ता, सेवा, सुविधा सम्वन्धमा कम्पनीको आर्थिक तथा प्रशासनिक विनियमावली तयार गरी सञ्चालक समितिको आगामि वैठकमा प्रस्तुत गर्नको लागि श्री दिलसुन्दर श्रेष्ठ र श्री भरत वहादुर पाण्डेलाई अख्तियारी दिने निर्णय गरियो ।

३ प्रस्ताव नं. ३ माथि छलफल हुँदा कम्पनी एवं कम्पनीद्वारा सञ्चालित आयोजनाहरुमा तत्काल गर्नुपर्ने काम गर्न/गराउनका लागि कम्पनीका कार्यकारी अध्यक्ष श्री कृष्ण प्रसाद आचार्यलाई अख्तियारी दिने निर्णय गरियो । कार्यकारी अध्यक्षको निर्देशन बमोजिम भएका कार्यहरुको विवरण त्यसपछि तत्काल बस्ने सञ्चालक समितिको वैठकमा कार्यकारी अध्यक्षले प्रस्ताव लगि अनुमोदन गराउनु पर्नेछ ।

आजको वैठकमा अन्य प्रस्तावहरु नभएकाले उपस्थित सबैलाई धन्यवाद दिई नवनिर्वाचित अध्यक्षज्यूले आजको वैठक समाप्त भएको घोषणा गर्नुभयो ।

Peoples Energy Limited
Nepal